# स्थानीय राजपत्र

## किस्पाङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६) किस्पाङ, कार्तिक महिना २९ गते, २०७९ साल (संख्याः६

भाग-२

# पशु आहार सुधारको लागि हिउँदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

मूल्य रु. १०

किस्पाङ गाउँपालिका

# किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड:६) किस्पाङ, कार्तिक महिना २९ गते, २०७९ साल ( संख्या: ६**

## भाग-२

## पशु आहार सुधारको लागि हिउँदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

किस्पाङ गाउँपालिका

**प्रस्तावना:** किस्पाङ गाउँपालिका क्षेत्रमा पशुपालनको विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को २ (ण) अनुसारका कृषकहरुलाई अनुदान उपलब्ध गराई आय आर्जन क्रियाकलाप गरि व्यवसायिक पशु आहार सुधारको लागि हिउँदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि गाउँ सभाले स्वीकृत गरेको वार्षिक कार्यक्रम

कार्यान्वयन गर्न वाञ्छनीय भएकाले **"पशु आहार सुधारको लागि हिउँदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि२०७९"** स्वीकृत गरी लागू गरिएको छ ।

**परिच्छेद – १**

**प्रारम्भिक**

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "**पशु आहार सुधारको लागि हिउदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"** रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२) परिभाषाः**

क) "गाउँपालिका" भन्नाले किस्पाङ गाउँपालिका, काहुले, नुवाकोटलाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका " भन्नाले किस्पाङ गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ग) "अनुदान" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत कृषकलाई दिईने अनुदान रकम वा सामाग्री सम्झनु पर्दछ ।

घ) " कार्यक्रम" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत पशु आहार सुधारको लागि हिउदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम सम्झनु पर्दछ ।

ङ) "कृषक" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न कृषक सम्झनु पर्दछ ।

च) "कृषि फर्म" भन्नाले गाउँपालिका वा कुनै सरकारी निकायमा दर्ता भएको कृषि फार्म सम्झनु पर्दछ ।

("आवेदक" भन्नाले कार्यक्रम संचालन गर्न निवेदन दिने कृषक वा फर्म सम्झनु पर्दछ ।

**३) उद्देश्यः यस कार्य विधिको देहाय बमोजिमका उद्देश्यहरु हुनेछन ।**

(क) पशु आहार सुधारको लागि हिंउदे घाँस विकास , बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र स्थापना गरि घाँस वितरणको लागी विउ पुजीको रुपमा घाँस वीउ तथा बर्खे र बहुबर्षे विरुवा उत्पादन गर्ने ।

(ख) घाँस उत्पादन गरी पशुपालनमा जोड दिइ दुध उत्पादनमा प्रथामिता दिने ।

(ग) युवाहरुलाई रोजगारी सृजना गर्ने ।

(घ) कृषकहरुलाई व्यवसायिक विकासमा प्रोत्साहित गर्ने ।

(ङ) बर्षैभरी हरियो घाँस उत्पादन गर्नु ।

(ङ) नविनतम र सृजनशील खालका कार्यक्रमहरुलाई अनुदान प्रदान गरी प्रोत्साहन गर्ने ।

## परिच्छेद — २

## कार्यक्रम सँचालन प्रक्रिया

**४)कार्यक्रमले समेट्न सक्ने योजना तथा क्रियाकलापः** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका योजना तथा क्रियाकलापहरु संचालन गर्न सकिने छ । यस बाहेकका योजना तथा क्रियाकलाप कार्क्रमको उद्देश्य सँग औचित्यपूर्ण देखिएमा संचालन गर्न सकिनेछ ।

(क) हिंउदे घाँस(जै,भेच,बर्सीम) ,बर्खे र बहुबर्षे बिउ तथा बेर्ना खरिद र व्यवस्थापन
(ख) सिचाँइ तथा मल ब्याव्स्थापन
(ग) मेशिनरी औजार र प्रविधि परिचालन

**५) पशु आहार सुधारको लागि हिउदे घाँस विकास , बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन विधि र प्रकृया**

(क) गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यालयवाट कृषकहरु सँग कार्यक्रमको अनुसुचि १ बमोजिमको प्रस्ताव सूचना गरी माग गर्नु पर्नेछ ।

(ख)पशु आहार सुधारको लागि हिउदे घाँस विकास , बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र स्थापना गरी हालको, कार्यक्रमको औचित्य, संचालन गरिने क्रियाकलापहरु ,बजेट लागत साझेदारी गर्न सक्ने क्षमता , रोजगार दिन सक्ने क्षमता, पशु आहार सुधारको लागि हिउदे घाँस विकास , बर्खे र बहुबर्षे घाँस विकासको भूमिका, कार्यक्रम कार्यान्वयन कार्य योजना, अपेक्षित उपलव्धि

समेत उल्लेख गरी प्रस्ताव गाउँपालिका अनुसिच २ निवेदन र अनुसिच ३ कार्यक्रम कार्यान्वयन कार्य योजना बमोजिम पशु विकास शाखामा पेश गर्नुपर्नेछ ।

(ग) कृषक वा फार्मबाट पेश भएको प्रस्तावहरु मध्य पशु विकास शाखाले मूल्यांकन गरी उत्कृष्ट कार्यक्रमको प्रस्ताव स्वीकृतीको लागी कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) गाउँ कार्यपालिकाले पशु विकास शाखाबाट पेश गरेको कार्यक्रमको प्रस्ताव जस्ताको तस्तै वा संसोधन सहित कार्यपालिकाबाट प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

(ङ) कार्यपालिकाबाट प्रस्ताव स्विकृत भएपछि सम्बन्धित कृषक वा फर्मलाई जानकारी दिनु पर्नेछ ।

(च) कार्यपालिकाले कार्यक्रमको प्रस्ताव स्विकृत गरे पछि कृषक वा फर्मसँग अनुसुचि ४ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(छ) सम्झौता अनुसार कार्यक्रमको पशु विकास शाखा सँग समन्वय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(ज) कृषकले नि शुल्क रुपमा जति परिमाण प्राप्त गरेको बिउ सो को उत्पादन पश्चात सोहि परिमाणमा गाँउपालिका कार्यालय लाई नि शुल्क रुपमा कृषकले बुझाउनु पर्ने हुन्छ ।

(झ)

**६) प्राविधिक डिजाइन र लागत आवश्यक पर्नेः** कार्यक्रमले भौतिक पूर्वाधारको योजना कार्यान्वयन गर्नु पर्ने भएमा प्राविधिकहरुबाट डिजाइन र लागत तयार गर्नु पर्नेछ ।

## परिच्छेद — ३
## मापदण्ड र मूल्याङ्कनका आधार

**७(आवेदकले देहायका मापदण्ड पुरा गर्नु पर्ने**

(क) कार्यक्रम संचालन गर्ने पशु पालन गरीरहेको पालन गरेको हुनु पर्ने ।

(ख) कम्तिमा ५ रोपनी माथी घाँस लगाउनुपर्ने ।

(ग) गाउँपालिका वा कुनै सरकारी निकायमा कृषकको फर्म भएको हुनु पर्नेछ ।

(घ) कार्यक्रम संचालन गर्ने आ.व. मा कुनै पनि सरकारी अनुदान नलिएको हुनु पर्ने ।

(ङ) कार्यक्रम लागतमा न्युनतम २० प्रतिशत साझेदारी गर्नु पर्ने ।

**८) प्रस्ताव मूल्याङ्कनको आधारहरूः**प्रसताव मुल्याङ्कन गर्दा देहायका बिषयहरुमा आधारमा मुल्याङ्कन गर्नु पर्नेछ ।

(क) भएको ।

(ख)गाउँपालिका क्षेत्र मा आफ्नै जग्गा भएको वा कम्तीमा ५ बर्ष लिजमा लएको हुनुरपर्ने ।

(ग) पशुपालनमा योगदान गर्न सक्ने ।

(घ) दलित, जनजाती तथा महिला कृषकलाई प्राथमिकता।

(ङ) प्रत्यक्ष रोजगार दिन सक्ने ।

(च) प्रतिफल छिटो प्राप्त हुने ।

## परिच्छेद — ४
## सम्झौता र भुक्तानि

**९) कार्यक्रम सम्झौता र अनुदान भुक्तानी प्रकृयाः**

(क) स्वीकृत प्रस्ताव अनुसार पशु विकास शाखाले सम्झौता तयार गरीसम्बन्धित कृषक वा फर्म सँग गाउँपालिकाले सम्झौता गर्नेछ ।

(ख) गाउँपालिकाको अनुदान बिउ, बिरुवा वा रकम लागतको बढीमा ८० प्रतिशत हुनेछ ।

(ग) कार्यक्रम सम्पन्न भए पश्चात अनुगमन गरी सम्झौता अनुसार आवश्यक कागजात र विल भरपाईका आधारमा बैंक भुक्तानी हुनेछ ।

(घ) पूर्वाधार योजना समेटिएको भए डिजाइन, लागत अनुसार प्राविधिकको मूल्याङ्कन गराई अनुसार भएको सम्पन्न भएको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद — ५
## अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

**१०) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन**

(क) सवारी साधन ढुवानी कार्यक्रमको अनुगमन मूल्याङ्कन गाउँपालिका पशु विकास शाखा, सम्वन्धित वडाको वडा अनुगमन समिति, गाउँपालिका स्तरीय अनुगमन समिति र गाउँ कार्यपालिकाबाट गर्न सकिनेछ ।

(ख) कार्यक्रमको प्रगति प्रतिवेदन पशु विकास शाखाले माग गरेमा उपलब्ध गराउनु पर्नेछ ।

(ग) ढुवानी साधन खरिद प्राविधिकको मूल्याङ्कन गराई प्रतिवेदन पेश गर्नुपर्नेछ ।

किस्पाङ गाउँपालिका

(घ) कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँपालिकाकोपशु विकास शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद — ६

### विविधः

११) **संसोधन र खारेजः** कार्यालयले आवश्यक्ता अनुसार यस कार्यविधी संशोधन र खारेज गर्न सक्नेछ ।

१२) **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख गरिएका कुराहरु यसै कार्यविधी र उल्लेख नगरिएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र प्रचलित ऐन, नियम, कानुनहरुसँग बाझिएमा बाझिएको हकमा प्रचलित ऐन, नियम, कानून बमोजिमनै हुनेछ ।

किस्पाङ गाउँपालिका

## अनुसुचि १

### परिच्छेद — २ को दफा ५ (क) सँग सम्बन्धित

### प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः ..................................

आर्थिक वर्ष अनुसारको स्वीकृत वार्षिक कार्यक्रम ...... .....किस्पाङ गाउँपालिकामा पशु आहार सुधारको लागि हिउँदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास संचालनका लागि यस गाउँपालिकाभित्रका इच्छुक निजी उद्यमी/कृषक समूह/ सहकारीले यो सूचना प्रकाशित मितिले (७।१५) दिनभित्र यस गाउँपालिबाट स्वीकृत "**पशु आहार सुधारको लागि हिउँदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९**" अनुसार तोकिएको ढाँचा मा आवश्यक कागजात संलग्न राखी यस गाउँपालिकाको पशु सेवा शाखामा आवेदन- पत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

आवेदन पत्र साथ संलग्न गर्नु पर्ने-न्यूनतम कागजातः

१. अनसूची २- बमोजिमको आवेदन- पत्र,
२. अनुसूची ४- बमोजिमको लागत साझेदारी प्रतिबद्धता पत्र,
३. अनुसूची ५ अनुसारको स्वघोषणा,
४. अनुसूची ६ अनुसारको ब्यवसायीक कार्ययोजना
५. सम्बन्धित ब्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
६. निजी उद्यमी/कृषक समूह/ सहकारीको उद्योग/व्यवसायदर्ता प्रमाणपत्र प्रतिलिपि
७. प्यान दर्ता प्रमाणपत्र
८. जग्गाको स्वामित्व देखिने प्रमाणको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए सूचना प्रकाशन भएको वर्षका हिसाबले कम्तिमा पाँच वर्षको करार सम्झौता अवधि भएको करारनामा पत्रको प्रमाणित प्रतिलिपी।
९. कृषक समूह/ सहकारीको हकमा बैठकको निर्णय प्रतिलिपि, कार्यक्रममा सहभागी हुने कृषकको नाम ठेगाना समेत निर्णय भएको कार्यसमितिको निर्णय प्रतिलिपीर (छनौट गरिएका कृषकको नाम र ठेगाना) खुलाइएको पत्र। नोटः कार्यक्रम सम्बन्धी विस्तृत विवरण गा .पा. को सूचना पाटी र वेवसाईट www.kispangmun.gov.npमा हेर्न सकिनेछ ।

## अनुसुचि २

### परिच्छेद — २ को दफा ५ (ख) सँग सम्बन्धित

### आवेदन- पत्र

मितिः.... ..... .........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

विषयः हिउँदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम उपलब्ध गराई पाउँ ।

महोदय,

किस्पाङ गाउँपालिकाबाट मिति ..................... गतेको ................... प्रकाशित सूचना अनुसार हिउँदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान गरिए बमोजिम उक्त कार्यक्रममा सहभागी हुन सूचनामा उल्लेख गरिए अनुसारका कागजात राखी यो प्रस्ताव पेश गरेको छु/ छौ। प्रस्ताव गरिए अनुसारको अनुदान बिउ गरिने कार्यहरु सम्बन्धित गाउँपालिकाको क्षेत्र भित्रै रहि गरिने व्यहोरा समेत अनुरोध छ।

आवेदक

नामः

पदः

ठेगानाः

संस्थाको नामः

सम्पर्क नम्बरः

संस्थाको छापः

किस्पाङ गाउँपालिका

अनुसुचि ३

परिच्छेद — २ को दफा ५ (ख) सँग सम्बन्धित
कार्यक्रमको व्यवसायिक कार्ययोजना

**१ आवेदक .कृषक, /कृषक समूह सहकारी/आवेदक संस्थाको नाम ठेगानाः**

| | |
|---|---|
| आवेदक संस्थाको नाम | |
| ठेगाना | |
| संस्था दर्ता मिति | |
| संस्था दर्ता भएको निकाय | |
| प्यान भ्याट दर्ता / | |
| सम्पर्क नम्बर | |
| ईमेल | |
| कार्यक्रम हुने स्थान | |

**१प्रस्तावित कार्यक्रमको सक्षिप्त विवरण २.**

| | |
|---|---|
| कार्यक्रमको कुल लागत | |
| अनुदान माग गरेको रकम | |
| आफ्नै श्रोतबाट ब्यहोर्ने रकम | |

किस्पाङ गाउँपालिका

| | |
|---|---|
| कार्यक्रम शुरू हुने मिति | |
| कार्यक्रम समाप्त हुने मिति | |

**१ / संचालक समिति ३.कार्यसमिति पदाधिकारीहरूको नामावली**

| क्र.स. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

**३सम्बन्धि विवरण भौतिक संरचना तथा जग्गा .**

**हाल भईरहेको वा)कार्यक्रम संचालन पश्चात विस्तार गरिने हो सो विवरण स्पष्ठ कैफियतमा खुलाउने , जग्गा तथा भौतिक संचरना आफ्नै वा भाडामा रहने सो विवरण पनि कैफियतमा स्पष्ठ खुलाउनु पर्नेछ। भाडामा भए करार सम्झौता भएको मिति तथा करार अवधि समेत खुलाउने (**

| क्र.स. | धनिको नाम ठेगाना | जग्गा / संरचनाको क्षेत्रफल | कित्ता नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |

किस्पाङ गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| (क) | प्रस्तावका लागि उपलब्ध जग्गा सम्बन्धि विवरण भाडामा भए करार सम्झौता मिति तथा ) (करार अवधि समेत खुलाउने | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| (ख) | भौतिक संरचना सम्बन्धी विवरण छुट्टै -प्रत्येक भौतिक संरचनाहरू छुट्टा प्रस्ताव गरिएका) खुलाई कैफियतमा थप कुन कुन जग्गामारहेको रहने / स्पष्ठ खुलाउने( | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| (ग) | घाँस खेती सम्बन्धी विवरण | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

४ प्रस्तावित .कार्यक्रमको उद्देश्य

| क्र.स. | उद्देश्य |
|---|---|
| १ | |

किस्पाङ गाउँपालिका

| | |
|---|---|
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |

**६ प्रस्तावित कार्यक्रम .कार्यान्वयन कार्ययोजना**

| क.स. | कार्यक्रम | ईकाई | परिमाण | महिना | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**७ कार्यक्रम कार्यान्वयन पश्चात हासिल हुने .अपेक्षित उपलब्धिहरू**

(खाने र भए गरेका क्रियाकलापहरू मात्र उल्लेख गर्नु पर्ने प्रस्तावित कार्यक्रम अनुसार मेल)

| **क.स.** | **अपेक्षित उपलब्धिहरू** | **परिमाण** |
|---|---|---|
| १ | | |
| २ | | |



किस्पाङ गाउँपालिका

| | | |
|---|---|---|
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |

**८बितरण विवरण-उत्पादन हुने वस्तुको प्रयोग तथा बिक्रि .**

| क्र.स. | उत्पादित वस्तु | उत्पादन परिमाण | प्रयोग तथा बिक्रि-बितरण कसरी गरिने | अग्रिम सम्झौता भएनभएको/ |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**९(कार्यसमिति बाहेक/संचालक) फार्मका कामगर्ने कामदार विवरण .**

फार्म संचालनका लागि फार्म धनी तथा परिवारले पूर्ण श्रम खर्च गर्ने गरि कार्य गर्ने भए सो)संख्या समेत उल्लेख गरि कैफियतमा खुलाउनु पर्ने (

| क्र.स. | पद | शैक्षिक योग्यता | महिलापुरूप/ | कार्यअनुभव |
|---|---|---|---|---|
| हालको रोजगारीको अवस्था | | | | |
| १ | | | | |
| २ | | | | |

किस्पाङ गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ३ | | | | |
| ४ | | | | |
| प्रस्तावित कार्यक्रम संचालन गर्न थप जनशक्ति आवश्यक भएको खण्डमा मात्र तल खुलाउने | | | | |
| १ | | | | |
| २ | | | | |

**१० .साझेदारीमा लगानी गर्नुपर्ने रकमको स्रोत (विवरण मात्र उल्लेख गर्नुपर्ने आवेदकले लगानी गर्ने)**

| **क्र.स.** | **आवेदकले लगानी गर्ने रकम** | **रकम प्राप्तीको स्रोत** | **बाहिरि स्रोतबाट प्राप्त** | **कैफियत** |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

नोटः उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं। कहि कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौ।

**<u>प्रस्तावकतर्फबाटः</u>**

नामः मिति

हस्ताक्षरः

छापः

किस्पाङ गाउँपालिका

**अनुसुचि ४**

**परिच्छेद — २ को दफा ५ (च) सँग सम्बन्धित**

**द्विपक्षिय सम्झौता पत्र**

किस्पाङ गाउँपालिका कार्यालयको आव. ०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत व्यवसायी कृषक/सामुहिक व्यवसायी कृषकको लागत साझेदारीमा हिउँदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम संचालन गर्ने सम्बन्धि मिति ....... ..... गतेको ........... ........... ...... .......... कार्यालयाको सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री को .... .... .... ... ..... ...र श्री (यसपछि प्रथम पक्ष भनिने) प्रस्ताव छनौट भएको हुँदा किस्पाङ गाउपालिका कार्यालय बीच तप (यसपछि दोस्रो पक्ष भनिने) .......... ............ ............ ........शिल अनुसारका शर्तहरु पालना गर्ने गरी द्धिपक्षिय सम्झौता गरी बुझिलियौ-/दियौं ।

तपशिल

(१) प्रथम पक्षले लागत साझेदारीमा हिउदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम संचालन कार्यक्रमको लागि दोस्रो पक्षलाई ........................................................................................अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ ।

(२) दोश्रो पक्षले हिउदे घाँस विकास, बर्खे र बहुबर्षे घाँस स्रोत केन्द्र विकास कार्यक्रम कार्यक्रम अधुरो छाडी कार्यक्रमको दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गर्नेछ ।

(३) कार्यक्रम संचालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

(४) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| **दोस्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

किस्पाङ गाउँपालिका

संस्थाः कार्यालयः

छापः छापः

**<u>रोहवर</u>**

हस्ताक्षरः हस्ताक्षरः

नामः नामः

पदः पदः

संस्थाः कार्यलयः

छापः कार्यालयको छापः

इति सम्वत्..................गते रोज ............महिना ........................साल .................. शुभम्।

आज्ञाले,

महा प्रसाद दंगाल

प्रमुख प्रशासकीय अधिकृत

किस्पाङ गाउँपालिका